कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय,

## सल्यान

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
website:www. adosalyan.karnali.gov.np

प.सं. २०८३/०८४
सूचना नं.-१

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१२

## कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत तपसिल अनुसारका कार्यक्रम सञ्चालनका लागि कर्णाली प्रदेश सरकार, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, "कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा ब्यवस्थापन) कार्यविधि २०८२" मा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सल्यान जिल्लाका कृषि ब्यवसायमा संलग्न इच्छुक व्यवसायिक कृषक/ उद्यमी/ कृषि फर्म/कृषि कम्पनी/ कृषक समूह/ कृषि सहकारी संस्थाहरूबाट कार्यक्रम माग र सूचिकृतका लागि निवेदन/ प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८३/०७/१० गतेका दिन) सो दिन सार्वजनिक विदा पर्न गएमा यसको लगतै कार्यालय खुलेको दिन कार्यालय समयमा आवश्यक कागजात संलग्न राखी आवेदन पेश गर्न हुन सूचित गराइन्छ । म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन यस सम्बन्धी थप जानकारीका लागि कृषि विकास कार्यालय सल्यानको Website: www.adosalyan.karnali.gov.np र कार्यालयको फेसवुक पेजमा हेर्न वा कार्यालयको फोन नं.०८८-५२०१३० मा सम्पर्क गर्न सकिने छ ।

तपसिलः

| क्र.सं. | आयोजना कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| क. | कृषि पूर्वाधार विकास कार्यक्रम | | |
| १ | मागमा आधारित सेलर तथा रस्ट्रिक स्टोर निर्माण | २० लाख | ➢ जग्गाधनी प्रमाण पुर्जा वा भोगाधीकार पत्र ।<br>➢ लागतको अनुदान ५० % कार्यविधि अनुसार । |
| ख. | ब्यवसायिक फलफूल बगैचा स्थापना तथा विकास कार्यक्रम | | |
| १ | सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम | २९ लाख | ➢ कम्तिमा ३०० बोट भएको बगैंचा हुनुपर्ने, कुल लागत अनुमान रकमको ५० % अनुदान |
| २ | ब्यवसायिक किवी बगैंचा सुदृढीकरण कार्यक्रम | २९ लाख | |
| ३ | हिउदे फलफूल बगैंचा स्थापना तथा विकास कार्यक्रम | २० लाख | ➢ ५० % अनुदानमा व्यक्तिगत वा सामुहिक रुपमा एकै भुगोलमा न्युनतम बिरुवा संख्या, स्याउ र |



२०८३/६/१२
नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
website:www. adosalyan.karnali.gov.np

# कृषि विकास कार्यालय,

## सल्यान

| क्र.सं. | आयोजना कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| | | | ओखर ५०० वटा, स्याउ/ओखर मिश्रीतः ७०० वटा, किवि/हलुवाबेदः १००० वटा |
| ४ | सुन्तलाजात फलफूल बगैंचा स्थापना कार्यक्रम | १८ लाख | ➢ ५० % अनुदानमा व्यक्तिगत वा सामुहिक रुपमा एकै भुगोलमा न्युनतम बिरुवा संख्या, सुन्तलाजातः १००० वटा |
| ५ | ब्यवसायिक आँप बगैंचा स्थापना कार्यक्रम | १२ लाख | ➢ ५० % अनुदानमा व्यक्तिगत वा सामुहिक रुपमा एकै भुगोलमा न्युनतम बिरुवा संख्या, आँपः ५०० वटा |
| ६ | नविनतम् फलफूल (किवि, एभोकाडो, हलुवावेद, ड्रागन फ्रुट) प्रवर्द्धन कार्यक्रम | १ करोड ४०लाख | ➢ ५० % अनुदानमा व्यक्तिगत वा सामुहिक रुपमा एकै भुगोलमा न्युनतम बिरुवा संख्या किवि/ हलुवाबेद/ एभोकाडो/ड्रागन फ्रुटः १००० वटा |
| ग. | कृषि तथा पशुपंक्षी श्रोत केन्द्र विकास कार्यक्रम | | |
| १ | खाद्यान्न तथा तरकारी बीउ श्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम | ६ लाख | ➢ कलष्टरमा बीउ उत्पादन गर्दा खाद्यान्न बालीको हकमा २ हेक्टर तथा तरकारी बालीको हकमा १ हेक्टरमा बीउ उत्पादन गर्नुपर्ने ।<br>➢ ५० % अनुदानमा । |
| २ | फलफूल नर्सरी श्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम | ५ लाख | ➢ ५० % अनुदानमा |
| घ. | प्रागारिक कृषि प्रवद्धन, रैथाने बाली तथा पशुपंक्षी विकास कार्यक्रम | | |
| १ | प्राङ्गारिक अदुवा/बेसार उत्पादन कार्यक्रम | ४ लाख | ➢ कार्यविधि अनुसार हुनेछ। |
| २ | प्राङ्गारीक अदुवा वेसार उत्पादकलाई प्रोत्साहन सहयोग | ५ लाख | ➢ प्राङ्गारिक अदुवा र बेसार उत्पादन तथा प्रमाणीकरणका लागि तेस्रो पक्षबाट प्राङ्गारिक प्रमाणीकरण भएको हुनु पर्ने छ।<br>➢ प्राङ्गारिक अदुवा र बेसार उत्पादन पश्चात उत्पादित उपज विक्रि गरेको प्रमाणित हुनुपर्ने छ ।<br>➢ विक्रि परिमाणको आधारमा प्रोत्साहन रकम |



नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
website:www. adosalyan.karnali.gov.np

# कृषि विकास कार्यालय,

## सल्यान

| क्र.सं. | आयोजना कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| | | | अधिकतम प्रति किलोग्राम १० रुपैयाँ । |
| ३ | भर्मिकम्पोसट बेड निर्माण तथा भर्मि कम्पोस्ट उत्पादन कार्यक्रम | १ लाख ५० हजार | ➢ लागतको ५० प्रतिशत अनुदान । |
| ४ | निर्यातजन्य मुल्यावान लोगो प्रवर्द्धन, ढुवानी, बजारीकरण, लेवेलिङ्ग प्याकेजिङ्ग सहयोग कार्यक्रम | २ लाख | ➢ लागतको ५० प्रतिशत अनुदान ।<br>➢ प्राङ्गारिक लोगो लिएको हुनुपर्ने छ । |
| ङ. | कृषि यान्त्रीकरण कार्यक्रम | | |
| १ | कृषि उत्पादन, प्रशोधन तथा बजारिकरणसँग सम्बन्धित मझौला तथा ठुला मेशिनरी औजारमा सहयोग कार्यक्रम | १५ लाख | ➢ लागतको अनुदान बढिमा ५०% अनुदान।<br>➢ कुनै पनि सरकारी तथा गैर सहकारी निकायबाट ३ बर्ष यता (आ.ब. २०८०/८१ पछाडी) माग गरिएको औजारमा अनुदान नलिएको स्वघोषणा पत्र । |
| च. | कृषि ब्यवसाय प्रवद्धन कार्यक्रम | | |
| १ | ब्यवसायिक अलैंची खेती प्रवर्द्धन कार्यक्रम | ५ लाख | ➢ ५० % अनुदान ।<br>➢ न्युनतम जग्गा क्षेत्रफलः ५ रोपनी |
| २ | ब्यावसायिक बर्षे आलु प्रवर्द्धन कार्यक्रम | १० लाख | |
| ३ | खाद्यान्न तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १० लाख | |
| ४ | रोडकोरिडोर तरकारी प्रवर्द्धन कार्यक्रम | ३० लाख | |
| ५ | ब्यवसायिक कफि खेती प्रवर्द्धन कार्यक्रम | ५ लाख | |
| ६ | कृषि उपजको बजारीकरणमा संलग्न सहकारीलाई प्रोत्साहन कार्यक्रम | ४ लाख | ➢ कार्यविधि अनुसार । |
| ७ | उत्पादनमा आधारित विभिन्न बालीको प्रोत्साहन कार्यक्रम (तरकारी, फलफूल, मौरी, मसलाबाली, आलु बाली आदि) | २० लाख | ➢ लाभग्राहीः ब्यवसायिक कृषक, कृषि फर्म, कृषि कम्पनी समाबेश हुन सक्ने छन् ।<br>➢ आँप र ओखर कम्तीमा ५० बोट फल्ने।<br>➢ स्याउ र सुन्तलाजात कम्तीमा १०० बोट फल्ने। |



नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
website:www. adosalyan.karnali.gov.np

# कृषि विकास कार्यालय,

## सल्यान

| क्र.सं. | आयोजना कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| | | | ➢ तरकारी, आलु, मसला बाली (अदुवा, बेसार, खुर्सानी, लसुन, प्याज, अलैंची), किबि र ड्रागन फ्रुट ५ रोपनी खेती गरिएको हुनुपर्ने छ ।<br>➢ मौरीपालनः सेरेना प्रजाती २० घार (आधुनिक वा मुढे) गोला सहित, मेलीफेरा ४० घार गोला सहित<br>➢ प्रोत्साहन माग गरेको बालीहरुको सम्बन्धित फोटोहरु । |
| ७ | बाँझो जग्गामा तरकारी/ पुष्प/ फलफूल/ मसला खेती गर्न प्रोत्साहन कार्यक्रम | ५ लाख | ➢ कार्यविधि अनुसार |
| ८ | संरक्षीत संरचना भित्र (बेमौसमी तरकारी, च्याउ खेती) प्रवर्द्धन कार्यक्रम | ५ लाख | ➢ कार्यविधि अनुसार |
| ९ | बाली विशेष चक्लाबन्दी कार्यक्रम | ७ लाख ५० हजार | ➢ खेति गरिने जग्गा क्षेत्रफल ३ हेक्टरमा<br>➢ खेती योजना ५ बर्षको हुनुपर्ने |
| १० | लसुन मिसन कार्यक्रम | ७ लाख | ➢ कार्यविधि अनुसार |
| १० | बिउ उत्पादन प्रवर्द्धन कार्यक्रम | १० लाख | ➢ खेति गरिने जग्गा क्षेत्रफल कम्तीमा ५ रोपनी हुनुपर्ने । |
| ११ | जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | १ लाख ५० हजार | ➢ खाद्यान्न बाली, फलफूल, तरकारी, आलु र मसलाबाली ५ रोपनीमा खेती गरेको ।<br>➢ सिताके च्याउ ५०० मुढा, कन्ये च्याउ बार्षिक एक हजार गोलामा खेती ।<br>➢ मौरी पालन ५० घार गोला सहित । |
| ज. | कृषि प्रविधि प्रवद्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | | |
| १ | लागत सहभागितामा असिना छेक्ने जाली (Anti hailstone net) वितरण कार्यक्रम | ७ लाख ६० हजार | ➢ ५० % अनुदान ।<br>➢ कार्यविधि बमोजिम । |
| २ | खाद्य तथा पोषण प्रणाली रुपान्तरण तथा सुदृढीकरण कार्यक्रम | ३५ लाख | ➢ कार्यविधि अनुसार । |



नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
website:www. adosalyan.karnali.gov.np

# कृषि विकास कार्यालय,

## सल्यान

| क्र.सं. | आयोजना कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| झ. | कृषि विभाग (संघ शसर्त अनुदान) | | |
| १ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | ३० लाख | ➢ खुल्ला जमीनमा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रमः एकल फर्म भए कम्तिमा पाँच रोपनी र सहकारी वा समूह मार्फत कम्तीमा साठी रोपनी जमिनमा खेती गर्नु पर्नेछ।<br>➢ प्राङ्गारिक कृषि उत्पादन गर्न इच्छुक रहेको स्वघोषणा पत्र। |

आवश्यक कागजातहरु:

१. अनुदान माग आवेदनको लागी कृषि ब्यवसाय गर्ने अनुसूची-४ बमोजिम निवेदन, अनुसूचि-५ बमोजिम प्रस्ताव तथा प्रतिबद्धता पत्र र दफा १९ को उपदफा १ मा अनुदान नलिएको स्वघोषणा पत्र ।
२. कृषि यान्त्रिकरण कार्यक्रमको लागी अनुसूची १० वमोजिमको आवेदन फर्म ।
३. व्यवसाय उत्पादनमा आधारित प्रोत्साहनको लागी अनुसूची १२ वमोजिमको आवेदन फर्म।
४. जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम (मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम) को लागी अनुसूची १८ वमोजिमको फर्म।
५. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. कृषक समुह / सहकारीको हकमा कार्यक्रममा सुचिकृत हुनको लागी गरेको निर्णयको प्रतिलिपि ।
८. गत आर्थिक वर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
९. गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण ।
१०. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने धनी प्रमाण पुर्जाको प्रतिलिपि ।
११. कार्यक्रम सम्बन्धि अन्य आवश्यक कागजात ।
१२. पूर्ण रुपले भरिएको प्रस्तावना फाराम तथा अन्य आवश्यक कागजातहरु उपदफा ३ वमोजिम आवेदन पेश गर्दा रु ५ लाख सम्मको प्रस्तावना पेश गर्नको लागी रु १ सय रुपैयाँ र रु ५ लाख भन्दा माथी भएमा रु ५ सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजस्व खातामा वुझाएको बैंक भौचर वा नगदी रसिद पेश गर्नु पर्ने छ।

८१।८।१२

नि. कार्यालय प्रमुख